# नवराजपुर गाउँपाालिकाको विनियोजन विधेयक, २०८०

**नवराजपुर गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको विधेयक**

सभाबाट स्वीकृत मितिः २०८०/०३/१०

प्रस्तावना: नवराजपुर गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नवराजपुर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " नवराजपुर गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८०श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकमरु.३३,९४,११,९००। (अक्षरुपी तेत्तीस करोड चौरानब्बे लाख एघार हजार नौ सयरुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । शसर्त अनुदान र सामाजिक सुरक्षा तथा सुरक्षण कार्यक्रमतर्फ बजेट थप भई आएमा सो रकम समेत सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त नवराजपुर गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | राजस्व बाँडफाँडबाट प्राप्त रकम (सङ्घीय सरकार) | 66086.90 | 0.00 | 66086.90 |
| २ | राजस्व बाँडफाँडबाट प्राप्त रकम (प्रदेश सरकार) | 0.00 | 2000.00 | 2000.00 |
| ३ | समानिकरण अनुदान (सङ्घीय सरकार) | 5819.00 | 74681.00 | 80500.00 |
| ४ | समानिकरण अनुदान (प्रदेश सरकार) | 0.00 | 5525.00 | 5525.00 |
| ५ | विशेष अनुदान चालु (सङ्घीय सरकार) | 8000.00 | 0.00 | 8000.00 |
| ६ | विशेष अनुदान (प्रदेश सरकार) | 0.00 | 3000.00 | 3000.00 |
| ७ | समपुरक अनुदान पुँजीगत (सङ्घीय सरकार) | 0.00 | 5000.00 | 5000.00 |
| ८ | समपुरक अनुदान (प्रदेश सरकार) | 0.00 | 2000.00 | 2000.00 |
| ९ | सशर्त अनुदान चालु (सङ्घीय सरकार) | 118900.00 | 0.00 | 118900.00 |
| १० | सशर्त अनुदान पुँजीगत (सङ्घीय सरकार) | 0.00 | 13500.00 | 13500.00 |
| ११ | आन्तरीक आय | 15900.00 | 19000.00 | 34900.00 |
| | **कुल जम्मा** | **214705.90** | **124706.00** | **339411.90** |